बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

२०७९/८०

मितिः२०८०/०१/२० हेटौंडा, नेपाल

पत्र सङ्ख्या :-

चलानी नं. :-

## May Meaurement Month 2023

## मे मापन महिना २०८० को शुभकामना

**आदरणीय प्रदेशबासी दाजुभाइ तथा दिदीबहिनीहरु,**

मुटु तथा रक्तनली सम्वन्धी रोग, मधुमेह, क्यान्सर, दीर्घकालीन श्वासप्रश्वास सम्वन्धी रोग लगायतका नसर्ने रोगहरुको प्रकोप विश्वव्यापी समस्याको रुपमा रहेको छ। विश्व स्वास्थ्य संगठनको तथ्याङ्क अनुसार हरेक वर्ष विश्वभरी ४.१ करोड मानिसहरुको नसर्ने रोगका कारण मृत्यु हुने गरेको छ भने त्यसमध्ये करिब १.५ करोड मानिसहरुको मृत्यू अल्पआयूमा नै हुने गरेको छ। यसमध्ये ८० प्रतिशत भन्दा बढी मृत्यु नेपाल जस्ता न्यून र मध्यम आय भएका देशहरुमा हुने गरेको छ। नेपालमा प्रत्येक वर्ष अनुमानित २ लाख मानिसहरुको विभिन्न रोगका कारण मृत्यु हुने गरेको तथ्याङ्क छ। यसमध्ये करिब ७१ प्रतिशत मानिसहरुको मृत्यु नसर्ने रोगहरुका कारण हुने गरेको छ।रोकथाम गर्न सकिने नसर्ने रोगहरुका कारणबाट हुने मानिसहरुको अल्पआयुको मृत्युले गर्दा परिवार, समाज र राष्ट्रले समेत ठूलो नोक्सानी व्यहोर्नु परेको तितो यथार्थ छ।

यस परिप्रेक्षमा, बागमती प्रदेश सरकारले स्थानीय तहको समेत समन्वयमा समयमा नै नसर्ने रोगहरुको अवस्था पहिचान गरी उपचार गर्न समुदाय स्तरमा ३० वर्ष माथिको उमेरका सबै नागरिकहरुको निःशुल्क रुपमा स्क्रिनिङ गर्ने, जोखिम न्यूनीकरणको लागि परामर्श गर्ने, नसर्ने रोगको जोखिममा रहेका व्यक्तिहरुलाई थप जाँच र उपचारको लागि प्रदेश स्तरका अस्पतालहरुमा प्रेषण गरी समयमा नै निदान गरी आवश्यक थप उपचार गर्ने र उच्च जोखिममा रहेका बिरामीहरुलाई तोकिएका विशिष्टकृत अस्पतालहरुमा प्रेषण र उपचार गर्ने व्यवस्था गर्न मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएको कुरा जानकारी गराउन चाहन्छु। नसर्ने रोग नियन्त्रणका लागि शुरु गरिएको यस महान अभियानमा अहोरात्र खटिएर सेवा दिने प्रदेश र स्थानीय तहका स्वास्थ्यकर्मी, चिकित्सक र सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

हरेक बर्षको मे (May) महिनालाई विश्वव्यापी रुपमा उच्च रक्तचाप मापनको अभियान महिनाको रुपमा मनाउने गरिएकोले सो अवसरमा बागमती प्रदेश सरकारले मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम मार्फत उच्च रक्तचापको साथसाथै अन्य नसर्ने रोगहरुको परीक्षण, परामर्श, उपचार र सचेतना अभियान महिनाको रुपमा मनाउन गइरहेको छ । यस अवसरमा सम्पूर्ण प्रदेशवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरु, राष्ट्रसेवक कर्मचारीहरु लगायत अन्य अभियानमा संलग्न व्यक्तित्वहरुमा नसर्ने रोगबाट बचौं र बचाऔं भन्ने प्रदेश सरकारको महान अभियानमा सहभागी भै आफ्नो पायक पर्ने स्वास्थ्य संस्था/अस्पतालमा गई जांच गराउनुहुन र अरु व्यक्तिलाई पनि स्वास्थ्य जांच गर्न अभिप्रेरीत गरी नसर्ने रोगहरुको समयमा नै निदान र उपचार गरी यसको जोखिम न्यूनीकरणमा सहयोग गरिदिनुहुन हार्दिक अपिल गर्दै "मे मापन महिना (May Measurement Day)" को सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मा. शालिकराम जम्कट्टेल
मुख्यमन्त्री तथा स्वास्थ्य मन्त्री
बागमती प्रदेश, हेटौंडा ।

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२७५०७, वेवसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np